लुङ्ग्री गाउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०८३।०८४ (प्र.प्र.अ.)

सूचना नम्बरः १८

## राहत सामाग्री तथा आर्थिक सहयोग सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८३/०५/०४**

लुङ्ग्री गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३/०५/०४ गतेको निर्णय बमोजिम लुङ्ग्री गाउँपालिकामा मिति २०८३ साउन २८ गते देखि परेको अविरल बर्षाको कारणबाट गएको पहिरो, बाढी तथा चट्याङबाट प्रभावित नागरिकहरुलाई सहयोग पूर्‍याउने उद्देश्यले राहत सामाग्री तथा आर्थिक सहयोग उपलब्ध गराउन इच्छुक व्यक्ति, संघ, संस्था, गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज, दाता तथा अन्य सहयोगी निकायहरुलाई देहाय बमोजिम गर्नु/गराउनु हुन अनुरोध छ।

**आवश्यक कागजातहरुः**

१. विपद् प्रभावित व्यक्तिहरुलाई राहत, खाद्यान्न, लत्ताकपडा, स्वास्थ्य सामाग्री, सरसफाई सामाग्री, शैक्षिक सामाग्री लगायतका सहयोग उपलब्ध गराउन इच्छुक व्यक्ति वा संघ-संस्थाले गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समिति र विपद व्यवस्थापन शाखासँग अनिवार्य समन्वय गर्नुपर्ने छ। साथै वितरण गर्न लागेको राहत सामाग्रीको विवरण, परिमाण, वितरण गर्ने स्थान, लक्षित लाभग्राही तथा वितरण गर्ने मिति सम्बन्धी जानकारी गाउँपालिकालाई गराउनुपर्नेछ।

२. राहत सामाग्री वितरण गर्दा गाउँपालिकाको समन्वयमा तयार पारिएको विपद् प्रभावित व्यक्तिको विवरणलाई आधार बनाउनु पर्नेछ।

३. आर्थिक सहयोग गर्न इच्छुक व्यक्ति वा संघ-संस्थाले तपसिलको खाता नं. मा रकम जम्मा गर्नुहुन अनुरोध छ।

   a. बैंकको नामः नेपाल बैंक लिमिटेड, किलाचौर शाखा
   b. खाताको नामः GA7.2 LUNGRI GA.PA. PRAKOP BYABASTHAPAN KOSH KHATA
   c. खाता नं. 26603000007002000001

४. आर्थिक सहयोगको जानकारी तथा राहत वितरण पश्चात वितरण गरिएको प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ। अथवा गाउँपालिकाको इमेल: lungrimun@gmail.com मा पठाउनु पर्नेछ।

५. आवश्यक थप जानकारीको लागि तपसिलका सम्पर्क नं. हरुमा सम्पर्क गर्नुहोला।

   a. भरत कुमार थापा (गाउँपालिका अध्यक्ष) -९८५७८२४४३६
   b. दिल कुमारी गुरुङ (गाउँपालिका उपाध्यक्ष) -९७४६२३२६०३
   c. अनिल रिजाल (प्रमुख प्रशासकीय अधिकृत) -९८६६९६४४८२
   d. दुर्गा बहादुर विष्ट (विपद् फोकल पर्सन) -९८६६५०६८५३

अनिल रिजाल
प्रमुख प्रशासकीय अधिकृत